खण्ड ९, भाग २, संख्या १४, मिति २०८२ माघ २९ गते

# स्थानीय राजपत्र

## तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, भागः २ संख्या १४, मिति २०८२ माघ २९ गते

**भाग–२**
**तिनाउ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०९।१८ को निर्णय बमोजिम संशोधन भएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# तिनाउ गाउँपालिकाको तोक आदेश सम्बन्धी निर्देशिका, २०८२

**प्रस्तावनाः**

तिनाउ गाउँपालिका भित्र बार्षिक कार्यक्रममा छुटेका योजनाहरु,निर्माणाधिन अवस्थाका सम्पन्न गर्नुपरेने योजनाहरु,अलपत्र रहेका योजनाहरु, कम लागतमा पनि प्रतिफल तथा गुणस्तरियता कायम हुने योजनाहरु,खानेपानी,विपद तथा अति आवश्यक अन्य विविध बिषयलाइ समेट्ने गरि काम गर्न बाञ्छनिय भएकोले तिनाउ गाउँपालिकाको प्रशासकीय कार्यविधी नियमिति गर्ने ऐन,२०७६ को दफा (४) ले दिएको अधिकार प्रयोग गरि कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस निर्देशिकाको नाम ***"तिनाउ गाउँपालिकाको तोक आदेश सम्बन्धी निर्देशिका,२०८२"*** हुनेछ।

ख. यो निर्देशिका कार्यपालिकाले स्विकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **उद्देश्यः** तोक आदेश सम्बन्धी निर्देशिका जारी गर्नुको मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन।

क. योजना तथा कार्यक्रमको तोक आदेश बापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

ख. दफा (४) मा उल्लिखित क्षेत्रहरुमा मात्र तोक आदेश बापतको रकम खर्च गर्न,

ग. आकस्मिक रुपमा भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

घ. तोकआदेश बापतको रकम यथार्थपरक विवरण अभिलेखीकरण गर्न आदि।

**३. तोक आदेश बापतको रकमको व्यवस्थाः**

गाउँसभा तथा गाउँकार्यपालिकाले बार्षिक स्विकृत कार्यक्रमको कुनै मिल्ने शिर्षकबाट रकम व्यवस्था गर्नेछ।

**४. खर्च गर्न सकिने क्षेत्रहरुः**

योजना तथा कार्यक्रमहरुको तोकादेश अनुरुपको रकमलाइ गाउँपालिकाले देहायका शिर्षकहरुमा मितव्ययी र पारदर्शी ढंगले खर्च गर्न सक्नेछ।

क. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्रीहरु खरिद गर्न,

ख. योजना कार्यान्वयनको लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

ग. विभिन्न संघ संस्था तथा समितिलाइ तत्काल सहायता उपलब्ध गराउन आवश्यक ठानिएको खर्च,

घ. तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु,

ङ. गाउँपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र।

**५. कार्यक्रम कार्यान्वयनः**

क. गाउँपालिकाको समग्र विकासका लागि आवश्यक पर्ने योजना सञ्चालनका लागि अध्यक्षले तोक लगाएको निवेदन हरुलाइ योजनागत रुपमा कार्यान्वयन गरिनेछ ।

ख. कार्यक्रम कार्यान्वयनको लागि अधिकतम रु बिस हजार रुपैयाँ उपलब्ध गराईनेछ । तोकिएको रकम भन्दा बढी रकम उपलब्ध गराएको खण्डमा कार्यपालिकाबाट अनुमोदन गर्नुपर्नेछ ।

**६. थपघट हेरफेर र संशोधनः**

कार्यपालिकाले यस निर्देशिकालाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरि संशोधन गर्न सक्नेछ ।

**७. बाधा अड्काउ फुकाउने अधिकारः**

क. यस कार्यविधीको कार्यान्वयको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकाको हुनेछ ।

ख. यस अगाडी तोकादेश अनुसार कार्यान्वयन गरि खर्च लेखांकन गरिएकाको हकमा यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत
तिनाउ गाउँपालिका